राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ७ २०८२ साउन ८ गते विहिवार (24 July 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## जनकपुरधाममा १८ करोड लागतको 'सीता पुष्पवाटिका' सञ्चालनमा

दैनिक समाचारदाता
जनकपुरधाम, ७ साउन । जनकपुरधामको ऐतिहासिक मणिमण्डप क्षेत्रमा निर्माण गरिएको 'सीता पुष्पवाटिका' को बुधबार उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले उद्घाटन गरेका छन् । धार्मिक पर्यटन प्रवर्द्धन तथा जनकपुरलाई वैवाहिक गन्तव्यस्थलका रूपमा विकास गर्ने उद्देश्यसहित निर्माण गरिएको यो परियोजना संघीय सरकारको लगानीमा सम्पन्न भएको हो ।

जनकपुरधाम उपमहानगरपालिका(१३ मा अवस्थित मणिमण्डप क्षेत्रलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले आकर्षक बनाउने लक्ष्यसाथ निर्माण गरिएको पुष्पवाटिका यस क्षेत्रको ऐतिहासिक र धार्मिक महत्व उजागर गर्ने महत्वपूर्ण संरचना मानिएको छ ।

उद्घाटन समारोहमा मन्त्री सिंहले मणिमण्डप क्षेत्रलाई धार्मिक आस्थाको केन्द्रका रूपमा विश्वसामु चिनाउन थप संरचनात्मक विकास आवश्यक रहेको बताए। "यो क्षेत्र नेपाल मात्र होइन, सम्पूर्ण दक्षिण एशिया र विश्वभरिका हिन्दू





धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो," मन्त्री सिंहले भने, "यसलाई विश्वस्तरीय वैवाहिक गन्तव्यका रूपमा प्रचार गर्न सरकारले विशेष योजना बनाएको छ।"

उनले मणिमण्डप क्षेत्रको मौलिकता जोगाउँदै समयसापेक्ष आधुनिक स्वरूपमा ढाल्ने प्रतिबद्धता व्यक्त गरे। "तीनै तहका सरकारबीचको समन्वयबाट बाँकी संरचना पनि सक्कली स्वरूपमा निर्माण गर्ने तयारीमा छौं," उनले स्पष्ट पारे।

सीता पुष्पवाटिकाको निर्माणका लागि २०७५ मंसिर २४ गते सम्झौता भएको थियो। मूल्य अभिवृद्धि कर (भ्याट) बाहेक कुल १८ करोड १५ लाख २२ हजार ७९३ रुपैयाँमा सम्झौता भएको र समयमै काम सम्पन्न नभएकाले म्याद थप गर्दै अन्ततः २०८२ असोज ३० गतेभित्र निर्माण कार्य सम्पन्न गरिएको संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, जनकपुरधामले जनाएको छ। हालसम्म करबाहेक १८ करोड ५३ लाख २१ हजार ७८० रुपैयाँ खर्च भइसकेको छ।

स्वयम्भू, काठमाडौँस्थित रविना कन्स्ट्रक्सन प्रा. लि.ले निर्माण सम्पन्न गरेको यस परियोजनामा सुविधा सम्पन्न प्यालेस भवन, दुईवटा धर्मशाला, दुईवटा पभेलियनलगायतका संरचनाहरू समावेश छन्। प्यालेस भवनमा ७० जनासम्म अट्ने सभा हल, अट्याच ट्वाइलेटसहित १६ वटा बेडरुम, डाइनिङ हल, किचन, म्युजियम अफिस कोटा, विवाह मण्डप, दुईवटा पभेलियन र १० वटा सटर निर्माण गरिएको छ।

विवाहपञ्चमी, परिक्रमा लगायतका प्रमुख धार्मिक पर्वमा जनकपुरधाम आउने भक्तजनहरूको बसोबास तथा व्यवस्थापनलाई सहज बनाउन थप धर्मशालाहरू पनि निर्माण तथा स्तरोन्नति गरिएको छ। जनकपुरधामको धार्मिक पर्यटनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न 'सीता पुष्पवाटिका' एक कोसेढुंगा सावित हुने विश्वास गरिएको छ।

## मधेश 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा, तीन महिनासम्म विशेष व्यवस्था लागू



दैनिक समाचारदाता
जनकपुरधाम, ७ साउन । नेपाल सरकारले मधेश प्रदेशलाई 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेको छ। आज बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को उपदफा १ अनुसार आगामी तीन महिनाका लागि विशेष विपद् व्यवस्थापन प्रणाली लागू गर्ने निर्णय गरेको हो।

यसअघि असार २६ गते प्रदेश सरकारले मधेशलाई 'सुक्खाग्रस्त क्षेत्र' घोषणा गरिसकेको थियो। तर, लगातार खडेरी, वर्षाको चरम अभाव, रोपाइँमा व्यापक असर, अन्न संकटको सम्भावना र खानेपानीको गम्भीर समस्याका कारण संघीय सरकारले मधेशलाई पूर्णरूपमा 'विपद् संकटग्रस्त क्षेत्र'को रूपमा मान्यता दिएको हो ।

सरकारले निर्णय नेपाल राजपत्रमा प्रकाशित हुने मितिदेखि लागू हुने स्पष्ट पारेको छ। यदि तीन महिनाभित्र समस्या समाधान नभएमा संघीय सरकारले अवधि थप गर्न सक्ने कानुनी व्यवस्था ऐनमा उल्लेख छ ।

मधेशमा मनसुन प्रवेश गरेको डेढ महिनाभन्दा बढी भइसके पनि वर्षा नहुँदा धान रोपाइँ प्रभावित बनेको छ। कृषि विभागका अनुसार साउन ४ गतेसम्म कुल धान योग्य ३ लाख ७२ हजार ६ सय ४५ हेक्टर क्षेत्रफलमध्ये मात्र १ लाख ७४ हजार ५ सय ८ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ, जुन कुल क्षेत्रको झण्डै ४६ प्रतिशत मात्र हो। खडेरीको असरले इनार, ट्युबेल र चापाकलहरू सुक्न थालेका छन्। जमिन चिराचिरा परेको छ। खानेपानी र सिँचाइको समस्या झनै गम्भीर बन्दै गएको छ। साउन ५ गते गृह मन्त्रालयको संयोजनमा बसेको सचिवस्तरीय बैठकले मधेशमा देखिएको संकट समाधानका लागि प्रमुख जिल्ला

बाँकी पृष्ठ ३मा

## एसएसबीको गोली लागेर किसान घाइते

दैनिक समाचारदाता
जनकपुरधाम, ७ साउन । नेपाल-भारत सीमावर्ती क्षेत्र महिनाथपुरमा भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले गोली प्रहार गर्दा एक भारतीय नागरिक घाइते भएका छन्।

धनुषा जिल्लाको विदेह नगरपालिका-१ अन्तर्गत पर्ने महिनाथपुर सीमा क्षेत्रमा खाद्य सामग्री ओसारपसारका क्रममा उत्पन्न विवादपछि एसएसबीले चार राउण्ड गोली प्रहार गरेको पुष्टि भएको छ।

बिहार राज्यको मधुबनी जिल्लाको ग्रामपञ्चायत-६ मैनाथपुरका ४५ वर्षीय भर्ता पासमान उक्त गोली प्रहारमा घाइते भएका हुन्।

स्थानीय व्यापारी लालमोहन पासमानसँग विवाद बढेपछि त्यसलाई नियन्त्रणमा लिन खोज्दा एसएसबीले गोली चलाएको जनाइएको छ। सो क्रममा भर्ता पासमानको दाहिने कम्मरमा दुई गोली लागेको भारतीय सुरक्षा अधिकारीलाई उद्धृत गर्दै नेपाली सशस्त्र प्रहरी स्रोतले जानकारी दिएको छ।

घटना भएपछि सशस्त्र प्रहरी बल मधेश प्रदेशअन्तर्गत छिन्नमस्ता वाहिनीले नेपालतर्फको महिनाथपुर सीमा क्षेत्र तत्कालका लागि बन्द गरिएको जनाएको छ।

## करेन्ट लागेर दुई किसानको मृत्यु

दैनिक समाचारदाता
रौतहट ७ साउन । धान खेतमा सिँचाइका लागि विद्युतीय मोटर जोडने क्रममा करेन्ट लागेर रौतहटमा दुई किसानको मृत्यु भएको छ ।

रौतहटको छुट्टाछुट्टै स्थानमा खेतमा सिँचाइ गर्ने क्रममा दुई जना किसानको ज्यान गएको हो । कटहरीया नगरपालिका(२ जमुनियाका ४२ वर्षीय मोक्तार देवान र माधवनारायण नगरपालिका वडा नं. ४ विसुनपूर्वा मानपुरका ४० वर्षीय रामबाबु मुखियाको करेन्ट लागेर मृत्यु भएको हो ।

धान खेतमा सिँचाइका लागि मोटरबाट पानी हाल्ने क्रममा गए राति मोक्तार देवानलाई करेन्ट लागेको थियो ।

उनलाई उपचारका लागि गरुडामा रहेको ग्रान्डी अस्पतालमा ल्याए पनि चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी राजन कार्कीले बताए । यसैगरी आज बिहान ७ बजेको समयमा आफ्नो खेतमा सिँचाइ गर्ने क्रममा रामबाबु मुखियालाई करेन्ट लागेको थियो । उनलाई उपचारका लागी प्रादेशिक अस्पताल गौर ल्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतक दुवै जनाको शव प्रादेशकि अस्पताल गौरमा रहेको र आवश्यक अनुसन्धान भइरहेको डीएसपी कार्कीले बताए । पछिल्लो समय रौतहटका सिँचाइका क्रममा करेन्ट लागेर ज्यान जाने घटना बढेको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

## कोरोनाबाट बच्ने उपाय

- नियमित रूपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# जनकपुरधाम–गरिमाको रक्षाको सवाल

जनकपुरधाम–धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले नेपालको एक विशिष्ट र सम्मानित नगरी–आज आफ्नै असंवेदनशीलता र दायित्वहीनतामा लिप्त राज्य संयन्त्रका कारण संकटमा परेको छ। जानकी मन्दिर, राममन्दिर, बौधिमाई, गंगासागर, धनुष सागरजस्ता पवित्र स्थलहरूले समेटिएको यो सहर केवल मधेश प्रदेशको राजधानी मात्र होइन, नेपाली पहिचानको एउटा आत्मा हो। तर आज त्यही आत्मा प्रदूषण, फोहोर, अराजकता र सुस्त शासकीयताको चपेटामा परेको छ । सहरको गरिमा उसको भौतिक सौन्दर्य, सामाजिक अनुशासन र व्यवस्थापनले निर्धारण गर्छ। तर जनकपुरधामको अवस्था नियाल्दा मन्दिर वरिपरिको क्षेत्र जस्तो देखिनुपर्थ्यो, त्यसको विपरीत अराजक फुटपाथ पसल, ठेलागाडा, खानाको दुर्गन्ध, प्लास्टिक फोहोर र अव्यवस्थित सडकले भरिएको छ। जहाँ भक्तजन शान्तिको अनुभूति लिएर आउँछन्, त्यही ठाउँ अहिले भीड, हल्ला र अव्यवस्थाको प्रतीक बनेको छ। श्रद्धालुहरूले गंगाजल छरिएर पवित्रता अनुभव गर्नु पर्ने ठाउँमा आज फोहोर टेकेर हिँड्नुपरेको छ–यो केवल धार्मिक नगरीको अपमान होइन, सम्पूर्ण राष्ट्रकै लाजको विषय हो।

सहरको अनुशासन कायम गर्न स्थानीय सरकारको भूमिका अपरिहार्य हुन्छ। तर जनकपुरधाम उपमहानगरपालिकाको मौनता, निष्क्रियता र प्राथमिकताविहीन कार्यशैलीले समस्या झनै जटिल बनाएको छ। ठेला हटाउने अभियान नाटकजस्तै देखिन्छ, जहाँ समस्याको समाधानभन्दा राजनीतिक प्रदर्शन र क्षणिक दिखावटी प्रयासमा बढी ध्यान दिइन्छ। धार्मिक चेतना र सांस्कृतिक जिम्मेवारी नबुझेका हातमा नगरको नेतृत्व हुनु आफैँमा चिन्ताको विषय हो।

वरिष्ठ पत्रकारहरूले व्यक्त गरेझैँ–जनकपुरधाममा केवल मन्दिर हेर्न र पूजा गर्न मात्र पर्यटक आउँदैनन्, उनीहरू यहाँको सामाजिक अनुशासन, खानपान, वातावरण, सडक, स्वच्छता र स्थानीय संस्कृति हेर्न पनि आउँछन्। तर यिनै पक्षहरू बिग्रँदा जनकपुरको छवि अन्तर्राष्ट्रिय दृष्टिमा कमजोर देखिन थालेको छ। पर्यटक गन्तव्यको रुपमा यसले गुमाउँदै गएको साख केवल राज्यको कमजोरीको परिणाम मात्र होइन, सहरवासी र नागरिक समाजको निष्क्रियताको फल पनि हो।

जनकपुरधामका सरोवरहरू–गंगासागर, धनुष सागर–जसको संरक्षण गर्नु पर्ने हो, तिनै सरोवरको छेउछाउमा अहिले ग्याँस सिलिण्डर, प्लास्टिक फोहोर, फास्टफूड पसल, आधुनिक गीतको आवाज र धार्मिक मूल्यमान्यता विपरित क्रियाकलापले डेरा जमाएका छन्। धार्मिक गाथा लेखिनुपर्ने ठाउँमा अब आधुनिक बजारको गन्ध मात्र बाँकी छ। यो दृश्यले धार्मिक पर्यटनको सम्भावनालाई कमजोर बनाएको छ।

धार्मिक नगरीलाई साँच्चिकै पवित्र बनाउन चाहने हो भने पहिलो सर्त हो–सहर व्यवस्थापनको योजना। ठेला र फुटपाथ पसलहरूलाई वैकल्पिक स्थानमा स्थानान्तरण गरी मठ-मन्दिर क्षेत्रलाई 'नो-भेण्डिङ जोन' घोषणा गर्नुपर्छ। सरसफाईलाई नित्य जिम्मेवारी बनाएर फोहोरमैला व्यवस्थापनका लागि प्रभावकारी संयन्त्र तयार पार्नुपर्छ। स्थानीय प्रशासन, प्रहरी र स्वयंसेवक युवाहरूको सहयोगमा मन्दिर क्षेत्रको नियमित अनुगमन, भिड व्यवस्थापन र पर्यटक मैत्री वातावरण बनाउन ढिला गर्नु हुँदैन।

यो समस्या समाधान केवल एक निकायको काम होइन। प्रदेश सरकार, नगर सरकार, सुरक्षा निकाय, पत्रकार, नागरिक समाज, युवा र श्रद्धालु सबै मिलेर सामूहिक संकल्प लिनुपर्ने समय हो। जनकपुरधाम केवल धार्मिक आस्थाको केन्द्र होइन–यो हाम्रो पहिचान, हाम्रो गौरव हो। यसको सौन्दर्य र पवित्रता जोगाउनु हामी सबैको कर्तव्य हो।

अझै समय छ–सच्चिने, सच्याउने र संरक्षित बनाउने। नत्र, धार्मिक पर्यटनको केन्द्र बन्ने यो नगरी अब फोहोर, अव्यवस्था र बेवास्ताको पर्याय बन्दै जानेछ।

जनकपुरधामलाई फेरि आफ्नो गरिमामा फर्काउन साझा संकल्प आवश्यक छ। आज, अहिलेबाटै ।

# शेयर लगानीकर्ताले बुझ्नुपर्ने कुरा



अचुतकुमार ओझा

अङ्ग्रेजीमा एउटा भनाइ छ "यदि तपाईंले मरेको घोडा चढिरहेको थाहा पाउनुभयो भने उत्तम उपाय भनेको झर्नु नै हो ।" यस उक्तिले दिएको सन्देश भनेको खासगरी लगानीमा मुर्खताभन्दा धैर्यताले काम गर्छ भन्ने हो । यसैले विजय हुने नाममा जबर्जस्तको लगानीले ठीक नतिजा नदिन सक्छ । पुँजी बजारमा सिनो घोडा बोकेरै भए पनि पहिलो भएर देखाउने थुप्रै दुस्साहस हुने गर्छ तर त्यो दिगो हुन सक्दैन । केही मिनेट, घण्टा, दिन वा महिना सही देखिए तापनि अन्ततः दीर्घकालमा त्यो गलत सावित हुनेछ । 'डेड हर्ष थ्यौरी' मा घोडा सवार व्यक्ति जित्न चाहन्छ । उ घोडा दौडमा पहिलो भएर उत्कृष्ट हुने अभिलाषा बोकेर हिँडेको हुन्छ । यसैले आफूसँग भएको धन दौलत सबै घोडामाथि खर्चिएर भए पनि आफ्ना प्रतिस्पर्धीलाई माथ खुवाउने यात्रामा लागी रहन्छ तर परिणाम त्यसो हुन सक्दैन । बरु आफ्नै सम्पत्ति गुम्न पुग्छ । ठीक यस्तै पुँजी बजारमा पनि हुने गरेको देखिन्छ । आफूले कुनै कम्पनीको शेयर किनेपछि जसरी पनि बजार मूल्य बढाउन खेल खेल्ने गर्छन् । चाहे त्यो आर्थिक हिसाबले कमजोर होस् वा नियामकबाट कारबाही खेपिरहेको होस् । चाहे प्रतिफल क्षमता शून्य होस् वा ऋणमा डुबेको होस् जुन अवस्थामा रहेता पनि आफूले उठाएपछि त्यो एकैपटक लसुनबाट सुन हुनुपर्ने मुर्खता जब ठूला वा साना लगानीकर्ता जो कसैले पनि गर्न सक्छ, त्यस्तो मुर्खताले दिगो सफलता भेट्न सकिँदैन । यही वास्तविकतालाई बुझ्न नसक्दा धेरै लगानीकर्ताले लगानी डुबाइरहेको देखिन्छ ।

सन् १९९८ ताका विश्वको पुँजी बजारमा सूचीकृत कम्पनीको पछाडि डट् कम लेखिएको छ भने मूल्य आकासिन्थ्यो तर सन् २००२ तिर जब 'डट् कम बबल' फुट्यो, राष्ट्रिय प्रतिभूति व्यापारी सङ्घको स्वचालित मूल्य सूची प्रणाली (न्यासड्याक-अमेरिका स्थित एक प्रमुख इलेक्ट्रोनिक शेयर बजार, यो संसारकै प्रथम कम्प्युटर प्रणालीमा आधारित शेयर बजार हो) को सूचाङ्क ५० प्रतिशतभन्दा बढीले घट्यो र पेटस् डट् कम र वेबभ्यान जस्ता धेरै कम्पनीहरु पूर्ण रुपमा बन्द भए । त्यसमा लगानी गरेर कमाउँछु भन्ने धेरैले आत्महत्याको बाटोसमेत रोजे । सन् २००२ देखि २००६ सम्ममा 'रियल स्टेट बबल' आयो त्योभन्दा अगाडि रियल स्टेटको मूल्य कहिले नघट्ने विश्वास गरेर लगानी गर्ने थुप्रै व्यक्तिहरु मुर्ख सावित भए । सन् २००८ मा बबल फुटेपछि विश्वमा वित्तीय मन्दी आयो । यसले थुप्रै लगानीकर्तालाई बगाइदियो । धेरै व्यक्तिहरु महलबाट सडकमा आइपुगे ।

नेपालमा हेर्ने हो भने ३२०० विन्दु र १८०० विन्दुको बुलमा बजार उक्लदै गर्दा खराब कर्जा ३०/४० प्रतिशत भएका र जीवनभर प्रतिफल नदिएका कम्पनीहरुको मूल्य रु एक हजारमाथि पुग्यो तर जब बजार बियरीस हुन थाल्यो, उक्त स्टकमा भरिएको बलुनको हावा फुस्कियो तब सात/आठ सय प्रतिशतको गिरावट देखियो । केही समय अगाडि केही फाइनान्स कम्पनी २४००/२६०० सयसम्म भाउ बढेर पुगे तर जब बजार हल्लिन थाल्यो । जतिबेला फाइनान्समा भएका विकृतिका विषय समाचार बनेर बजारमा आयो, त्यस्ता कम्पनीको मूल्य एक वर्षको उतावचढावमा ८०० प्रतिशतसम्म झर्‍यो । तर मान्छेहरु ती कम्पनीलाई बजारको विजेता बनाउने दौडमा लागी परे । आफ्ना सारा स्रोत लगानी गरे । तर रुपकको घोडा जस्तै मृतश्ययामा पुगेका कम्पनीको भाउ छोटो समयका लागि आकासिएको देखिएता पनि उम्लिएको दूधजस्तै पहिलेकै अवस्थामा फर्किन पर्‍यो । यसले गर्दा अरबौंको लगानी व्यर्थ भएको छ ।

लगानीमा मुर्खताले होइन, धैर्यता र अनुशासनले बाजी मार्न सकिन्छ । मुर्खताले जित्न सकिँदैन, बरु गुमाउन प्रेरित गर्नेछ । तसर्थ सिनो भएका कम्पनीको शेयर बोकेर कमाउने र रमाउने मुर्ख नबनौँ । जित्नका लागि दौडन सक्ने घोडाको सधैँ खोजी गरौँ र त्यसैमा लगानी गर्ने बानी बसालौँ । यो नै लगानीको मूलमन्त्र हो । 'डेड हर्ष थ्यौरी' ले लगानीकर्तालाई दिएको मूल सन्देश यही हो ।

जहाँ सम्भावना शून्य भागभन्दा कम छ त्यहाँ प्रयास नगर्नुहोस् चाहे त्यो लगानीको क्षेत्र होस् वा जीवनका अन्य पक्ष त्यो व्यर्थ हुनेछ । जसरी मृत घोडामाथिको लगानी खेर गयो त्यसरी नै खराब शेयर माथिको लगानी बालुवामा पानी खन्याएसरह हुने निश्चित छ । कतिपय कम्पनीहरु वासलत बिग्रिएका, सञ्चालक खराब भएका, खराब कर्जाले थिचिएका, प्रतिशेयर आम्दानी र मुनाफा नकारात्मक भएका, आयले खर्च धान्न नसकेका, बजार क्षेत्र खुम्चदै गएका, प्रतिस्पर्धीको अगाडि निरीह रहेका, प्रतिफल कम्पनी खुलेदेखि दिन नसकेका, प्रविधिको विकासले माग घट्दै गएका कम्पनीको शेयरमा बजार हल्ला, कर्नरिङ्ग, म्याचिङ्ग, मिडिया ट्यापिङ र सामाजिक सञ्जालमार्फत बुलिङ आदि गरेर मूल्य बढाउने प्रयासमा लागेका हुन्छन् । त्यस्तो कम्पनीको बारेमा राम्ररी बुझ्न जरुरी हुन्छ । आफूलाई त्यस कम्पनीको यस्ता गलत प्रवृत्तिका बारेमा जानकारी छ भने त्यस्ता कम्पनीमा थप लगानी बढाउनु हुँदैन ।

कहिलेकाहीँ 'फाइनान्स आर्मी' को नाममा त्यस्ता कम्पनीको शेयर मूल्य अस्वभाविक बढाएर लैजाने गरिन्छ, जुन नेपालमा भयो । तर समयसँग त्यो उसको वास्तविक आकार र स्वरुपमा फर्किनु नै पर्ने हुन्छ । टुप्पामा लगानी गर्नेहरुले कहिल्यै आफ्नो सम्पत्ति पाउन सक्ने छैनन् । यसैले यस्तो दुस्साहस नगर्नु नै वेश हुन्छ । कतिसम्म भयो भने नेपाल राष्ट्र बैंकले कारबाही गर्दै गरेको कर्णाली विकास बैंकको शेयरको मूल्य कारबाही भएर कारोबार रोकिन भन्दा अघिलो दिन १० प्रतिशतको सर्किट लाग्यो । यस्तो कम्पनीमा शेयर मूल्य बढेको देखेर लगानी बढाउने नगर्नुहोस् । किनकी यसले उल्टो तपाईको खल्तीको धन सोसेर लैजाने सम्भावना बढी हुन्छ । हो, बजारमा केही हर्ष मेहताहरु हुने गर्छन् । जसले यति धेरै जोखिम उठाउँछन्, बजार मूल्य बढाउन बलुनमा यति धेरै हावा भर्छन् जुन नफुटुनजेल भरी रहन्छन् । कल्पना गर्नुहोस्, तपाईले लगानी गर्दै गरेको बेलुन त्यही पर्‍यो भने के हुन्छ ? पक्का छ, बलुन फुट्यो भने बलुनसँगै तपाईको लगानी पनि फुट्नेछ, कहिले फर्कने छैन । यसैले तपाई हर्ष मेहता नबन्नुहोस्, यसरी फुलाइएका स्टकहरु थाहा पाउनुभयो भने छिटो निस्कनुहोस्, थप लगानी थप्ने नगर्नुहोस् । नत्र घोडा सवारले मृत घोडामाथि सारा स्रोत रित्ताएर लगानी गरेजस्तै शेयर बजारमा लगानी गर्ने हामीहरु पनि पछुताएर हिँड्नुबाहेक बाँकी केही रहने छैन । तसर्थ, जे कुरा चल्दैन, त्यसलाई छोड्नु बुद्धिमानी हो, किन भने मरेको घोडा दौडिदैन । पुँजी बजारमा पनि लगानीकर्तामा देखिने लोभका कारण नै उनीहरु ठगिन पुग्छन् । कमाउने सपना लिएर बजार आएकाहरु आफ्नै सम्पति बचाउन नसकेर गुमाउन पुगेका थुप्रै उदाहरणहरु छन् । यसैले मृत घोडाबाट गरिएको आशा र कमजोर वित्तीय स्वास्थ्य र कुशासन भएको कम्पनीको शेयरमा लगानी गर्नु भनेको कहिले पूरा नहुने अधुरो लगानी हो भनेर बुझ्न सक्नुपर्छ । शून्य सम्भावनामा लगानी गरेर जोखिम लिने नगरौँ, चाहे त्यो मृत घोडा होस् वा प्रतिफल शून्य कम्पनीको शेयर, दुवै उस्तै हुन् । सधैँ सजग भएर लगानी गर्ने गरौँ । शेयर बजारले मुनाफामा हिँड्न मार्गप्रशस्त गरेको छ । मात्रै सही मार्ग पहिल्याउन सक्नुपर्छ ।

*(लेखक पुँजी बजारका जानकार हुनुहुन्छ)*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सरकारले अर्थतन्त्र सुधार्न सकेन : पूर्वअर्थमन्त्री पुन

काठमाडौं ७ साउन । पूर्वअर्थमन्त्री एवं नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले संसद्का दुई ठूला दल मिलेर बनेको करिब दुई तिहाइ सरकारले एक वर्षमा अर्थतन्त्रको क्षेत्रमा उल्लेख्य सुधार गर्न नसकेको बताएका छन् ।

कृषि विकास बैंक कर्मचारी संगठनद्वारा मंगलबार आयोजित कार्यक्रममा पुनले सरकारले अर्थतन्त्र सुधारका लागि काम नगरेका कारण अर्थतन्त्र चलायमान हुन नसकेको बताए ।

आर्थिक वर्ष २०८२/०८३ को बजेटमार्फत अर्थतन्त्रका चुनौती सामना गर्ने गरी नीति कार्यक्रम नल्याइएको उनको भनाइ थियो । बजेट नियमित र परम्परागत ढर्राबाट ल्याइएकाले सरकारले जतिसुकै दाबी गरे पनि अर्थतन्त्रका सबै सूचकमा उल्लेख्य सुधार हुने संकेत नदेखिएको बताए । तर नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको मौद्रिक नीतिले भने केही आशा जगाएको पुनले उल्लेख गरे ।

पुनले बैंक तथा वित्तिय संस्थाको कर्जा प्रवाहमा देखिएको समस्या हटाउन सरकार असफल भएको बताए । हरेक महिनाजसो केन्द्रीय बैंकले ५० देखि ६० अर्ब रुपैयाँ बैंकहरूबाट खिच्ने गरेको र लगानी योग्य रकमको मौज्दात ७ खर्ब पुग्नुले बजारको मानोबल उठ्न नसकेको पुनले बताए ।

'दुई तिहाइको सरकारले आर्थिक क्षेत्रमा आशा जगाउने सकेन । दुई तिहाइको सरकार बन्नु आफैंमा विशिष्ट अवस्था हो । तर संख्यात्मक रूपमा यति बलियो सरकारले वित्त नीति राम्रो ल्याउन सकेन,' पुनले भने, 'वित्त नीति नै राम्रो नआएपछि मौद्रिक नीतिले धेरै गर्न सक्दैनथ्यो । तर गभर्नरले तुलनात्मक रूपमा मौद्रिक नीति राम्रो ल्याउनुभएको छ ।'



समग्रमा वित्त नीतिले बजार चलायमान बनाउने भए पनि अनुत्पादक क्षेत्रमा लगानी केन्द्रित हुनसक्ने खतरा पुनले औंल्याए । त्यसले भविष्यमा अर्थतन्त्रलाई थप समस्यामा धकेल्न सक्नेतर्फ सरोकारवाला पक्ष अहिल्यै चनाखो बन्नुपर्ने उनको भनाइ थियो ।

कोभिड(१९ महामारीपछि केन्द्रीय बैंकले ल्याएको पुनर्कर्जा नीति राम्रो र सान्दर्भिक भए पनि व्यवसायीले पुनर्कर्जा मार्फतको पैसा अनुत्पादक क्षेत्रमा लगानी दर्गा अर्थतन्त्र खस्किएको अनुभवबाट शिक्षा लिन सक्नुपर्ने उनले औंल्याए ।

'कोरोनापछि अर्थतन्त्र सुधार गर्ने उद्देश्यले पुनर्कर्जा जस्ता नीति राम्रो आएको थियो । पुनर्कर्जाको रकम अनुत्पादक क्षेत्रमा लगानी गरिएका कारण अर्थतन्त्र पछिल्लो तीन वर्ष 'स्लो डाउन' मा गयो,' पुनले भने, 'मौद्रिक नीतिका केही उदार व्यवस्थाले बल्लतल्ल लयमा फर्कन खोजेको अर्थतन्त्र फेरि अप्ठेरोमा जान्छ कि भन्नेबारे समयमै सचेत हुनुपर्छ ।'

बैंक तथा वित्तीय क्षेत्रबाट प्रवाह हुने कर्जाको ६० प्रतिशतभन्दा बढी हिस्सा सीमित मानिसहरूले प्रयोग गर्ने गरेको भन्दै पुनले बहुसंख्यकले त्यसको लाभ लिन सक्नुपर्नेमा जोड दिए । कृषि, उद्योग र सेवा क्षेत्रमा कर्जा प्रवाह बढी हुनुपर्नेमा व्यापारले ठूलो हिस्सा ओकटेका कारण प्रतिफल कम आउने गरेको चर्चा पुनले गरे ।

'थोरै मानिसको हातमा ६० प्रतिशत कर्जा प्रवाह भएको छ । सीमित घरानाको मात्र वित्तीय पहुँच भएका कारण अनुत्पादक क्षेत्रमा बढी कर्जा प्रवाह भएको छ,' उनले भने, 'उत्पादन र सेवा जस्ता लक्षित खालको क्षेत्रमा कर्जा प्रवाह सन्तोषजनक छैन । कूल ग्रार्हस्थ्य उत्पादनको आकारभन्दा धेरै कर्जा प्रवाह हुँदा पनि अर्थतन्त्रमा त्यसले कुनै योगदान दिन सकेको छैन ।'

फरक प्रसंगमा उनले संसद्मा विचाराधीन बैंक तथा वित्तीय संस्था ऐन (बाफिया) मा बैंकर्स र व्यवसायी छुट्याउने कि भन्नेबारे बहस भइरहेको बताए । अन्तर्राष्ट्रिय अभ्यास, मुलुकको आवश्यकता र व्यावहारिकताका आधारमा त्यसबारे दलहरू निष्कर्षमा पुग्ने उनको भनाइ थियो ।

'अन्तर्राष्ट्रिय अनुभवले बैंकर्स र लगानीकर्तालाई अलग गरेर जानुपर्ने दबाब पनि छ,' पुनले भने । अर्को एक प्रसंगमा पुनले ७ प्रदेश र ७५३ पालिका राजनीतिक र प्रशासनिक सुगमताका लागि मात्र नभई आर्थिक इकाइ पनि भएको स्पष्ट गरे । संघीयताको मर्मअनुसार हरेक स्थानीय तहमा बैंक तथा वित्तीय संस्था पुग्नैपर्ने उनले बताए । पूर्वअर्थमन्त्री पुनले सरकारले चालु आर्थिक वर्षको बजेटमा कर्मचारी अवकाश कोषलाई बाध्यकारी बनाएर ल्याइएको व्यवस्था कर्मचारीको हितमा नरहेकाले पुनर्विचार हुनुपर्ने आफ्नो दलको धारणा रहेको बताए । बजेटमा कर्मचारीलाई सामाजिक सुरक्षाकोषमा सूचीकृत हुन अनिवार्य गरिएको छ । 'सरकारले बजेटमा कर्मचारी अवकाश कोषलाई सामाजिक सुरक्षा कोषमा लाने गरी बाध्यकारी नीति ल्याएको छ । यसलाई स्वेच्छिक बनाइनुपर्छ,' उनले भने ।

## मधेश 'विपद्.....

अधिकारीहरूलाई निर्देशन दिइसकेको छ। स्थानीय तहको प्रयास मात्र पर्याप्त नहुने निष्कर्ष निकाल्दै केन्द्र र प्रदेश सरकार मिलेर समस्या समाधान गर्ने सहमति पनि भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तत्कालीन र दीर्घकालीन समाधानका उपायहरू पहिचान गर्न कृषि प्राविधिक टोली मधेश पठाउने निर्णय गरिसकेको छ। उक्त टोलीले मैदान स्तरको मूल्यांकन गरी नीति निर्माणका लागि सुझाव दिनेछ।

यस घोषणासँगै अब मधेश प्रदेशमा आपतकालीन स्रोत परिचालन, राहत वितरण, पुन:स्थापना तथा पूर्वतयारीका विशेष योजना सञ्चालनको कानुनी ढोका खुलेको छ।

# वीरगञ्ज भन्सार नाका : पेट्रोलियम पदार्थ आयातबाट ८० अर्ब ९२ करोड राजस्व सङ्कलन

दैनिक समाचारदाता

वीरगञ्ज ७ साउन । वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्षमा रु एक खर्ब ९१ अर्ब ८८ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल ( एटिएफ) र मट्टितेल आयात भएको हो । समग्रमा आव २०८० / ८१ को तुलनामा गत आवभरिमा यो नाका हुँदै मूल्यको आधारमा पेट्रोलियम पदार्थको आयात रु एक अर्ब ९४ करोडले घटेको छ ।

सो अवधिमा मूल्यको आधारमा पेट्रोलियम पदार्थको आयात घटेपनि सोबाट प्राप्त हुने राजस्व भने १० दशमलव २३ प्रतिशतअर्थात् रु सात अर्ब ५१ करोडले बढेको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले कार्यालयले गत आवभरिमा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट प्राप्त गरेको बताउनुभयो । "यहाँको भन्सारको राजस्व पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको छ", उहाँले भन्नुभयो ।

गत आवभरिमा पाँच थरिका पेट्रोलियम पदार्थको आयातबाट कार्यालयले रु ८० अर्ब ९२ करोड रकम राजस्व सङ्कलन गरेको छ । जबकी अघिल्लो आव २०८०/८१ मा पाँचै थरिका पेट्रोलियम पदार्थको आयातबाट रु ७३ अर्ब ४० करोड राजस्व सङ्कलन थियो ।

कार्यालयका अनुसार गत आवभरिमा रु ९९ अर्ब ९५ करोड मूल्य पर्ने ११ लाख ४९ हजार ५२१ किलोलिटर डिजेल आयात भएको छ । अघिल्लो आवको सोही अवधिमा रु एक खर्ब पाँच अर्ब ८७ करोड मूल्यको १० लाख ५५ हजार १६० किलोलिटर डिजेलको आयात भएको थियो ।

कार्यालयले गत आवभरिमा डिजेल आयातबापत कार्यालयले रु ४५ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको छ भने अघिल्लो आवको सोही अवधिमा भने रु ४२ अर्ब ३६ करोड राजस्व सङ्कलन गरेको थियो ।

त्यस्तै गत आवभरिमा रु ३८ अर्ब ७२ करोड मूल्य पर्ने चार लाख ५३ हजार ८६४ किलोलिटर पेट्रोल आयात भएको छ । जबकी अघिल्लो आवको सोही अवधिमा भने रु ३९ अर्ब दुई करोड मूल्य पर्ने तीन लाख ९४ हजार ७२३ किलोलिटर पेट्रोल आयात भएको थियो । कार्यालयले गत आवभरिमा पेट्रोल आयातबाट रु २५ अर्ब ६६ करोड राजस्व सङ्कलन गरेको छ । जबकी अघिल्लो आवमा भने पेट्रोलबाट रु २२ अर्ब ६२ करोड राजस्व सङ्कलन भएको थियो ।

यो नाका हुँदै गत आवमा रु ३६ अर्ब ३७ करोड मूल्य पर्ने ३१ करोड ८९ लाख २४ हजार ६८४ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । जबकी अघिल्लो आवको सोही अवधिमा भने रु ३० अर्ब मूल्य पर्ने २७ करोड ९० लाख ४८ हजार ८७८ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । कार्यालयले गत आवमा एलपिजीबाट रु छ अर्ब ८१ करोड र अघिल्लो आवभरिमा भने रु पाँच अर्ब ६० करोड राजस्व सङ्कलन गरेको थियो । यो नाका हुँदै गत आवमा रु १६ अर्ब १४ करोड मूल्य पर्ने एक लाख ८० हजार ६६३ किलोलिटर एटिएफ आयात भएको छ । जबकी अघिल्लो आवमा भने रु १८ अर्ब २१ करोड मूल्य पर्ने एक लाख ७३ हजार ४८४ किलोलिटर एटिएफ आयात भएको छ । कार्यालयले गत आवमा एटिएफ आयातबाट रु दुई अर्ब ५३ करोड र अघिल्लो आवमा भने दुई अर्ब ६४ करोड राजस्व सङ्कलन गरेको थियो ।

यो नाका हुँदै गत आवमा रु ६९ करोड मूल्य पर्ने सात हजार ९३० किलोलिटर मट्टितेल आयात भएको छ । जबकी अघिल्लो आवको सोही अवधिमा भने रु ७१ करोड मूल्य पर्ने छ हजार ८२० किलोलिटर मट्टितेल आयात भएको थियो । गत आवमा मट्टितेल आयातबाट रु २० करोड राजस्व प्राप्त भयो भने अघिल्लो आवमा भने रु १८ करोड राजस्व सङ्कलन भएको थियो ।

# नगरपालिका कार्यालयमा चोरी गर्ने पाँच जना पक्राउ



दैनिक समाचारदाता

सर्लाही, ७ साउन । सर्लाहीको कबिलासी नगरपालिका कार्यालयमा चोरी गर्ने पाँच जना पक्राउ परेका छन् । कबिलासी नगरपालिका-८, स्थित नगरपालिका कार्यालयको सामाजिक सुरक्षा शाखाबाट यही साउन ४ गते राति विभिन्न सामग्री चोरी भएको थियो । प्रहरीले चोरीमा संलग्न पाँच जना व्यक्तिलाई पक्राउ गरी सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा कबिलासी नगरपालिका-८, का २२ वर्षीय रोहित मिश्र, ४० वर्षीय सुरेन्द्र राय, २० वर्षीय राजु पासवान, २२ वर्षीय ललका पासवान र १९ वर्षीय दीपक पासवान रहेका छन् । उनीहरुविरुद्ध सर्लाही जिल्ला अदालतबाट चोरी सम्बन्धी कसुरमा पाँच दिन म्याद थप गरी अनुसन्धान भइरहेको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् डिएसपी सरोज राईले जानकारी दिनुभयो । नगरपालिकाको कार्यालयबाट चोरी भएका समानमध्ये साउन ५ गते बिहान एक थान प्रिन्टर नगरपालिका कार्यालय नजिकैको नालामा फेला परेको थियो । अन्य सामग्री भने पक्राउ परेकामध्ये २२ वर्षका रोहित मिश्रको घरबाट बरामद भएको डिएसपी राईले बताउनुभयो । प्रहरीले मिश्रको घरमा लुकाएर राखिएको अवस्थामा नगरपालिका कार्यालयबाट चोरी भएको एक थान सिपियु, एक थान मोनिटर, एक थान किबोर्ड, एक थान कुर्सी, एक थान राउटर र एक थान मल्टिप्लग बरामद गरेको छ । सिसिटिभी फुटेजको आधारमा चोरीमा संलग्न व्यक्तिहरुलाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# सांसदद्वारा समयसामयिक विषयमा ध्यानाकर्षण



दैनिक समाचारदाता

काठमाडौँ, ७ साउन । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले भ्रष्टाचारको अन्त्य गर्नुपर्ने मागसहित सदनमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको आकस्मिक समयमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले भन्नुभयो, "भ्रष्टाचार कर्मचारीतन्त्रमा मात्र होइन, अहिले विवादमा आएका एक दर्जन मन्त्रीको छानबिन गर्नुपर्ने अवस्था आयो, भ्रष्टाचार कहाँ-कहाँ छ ? भन्ने होइन, कहाँ छैन भनेर खोज्नुपर्ने आवश्यकताछ ।" भ्रष्टाचार अन्त्यका लागि उच्चस्तरीय न्यायिक छानबिन आयोग बनाउनुपर्ने उहाँको माग छ । उहाँले केही कर्मचारीलाई कारवाही गरेर भ्रष्टाचार अन्त्य नहुने बताउँदै राजनीतिक क्षेत्रलाई कारबाहीको दायरामा ल्याउनुपर्ने धारणा राख्नुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद बिन्दावासिनी कंसाकारले भन्नुभयो, "बारा, पर्सा, महोत्तरीलगायत मधेसका जिल्लामा आज चापाकल सुकेका छन्, रोपाई हुन सकेको छैन, पिउने पानीका लागि मानिस घर छोड्न बाध्य छन्, तर मन्त्रीहरू विदेश भ्रमणमै व्यस्त छन् ।" उहाँले घुस प्रकरणमा परेका मन्त्रीको बारेमा छानबिन हुनुपर्ने माग पनि गर्नुभयो । सांसद ज्वालाकुमारी शाहले देश र जनताको अवस्थामा सकारात्मक परिवर्तन ल्याउनका लागि साना-ठूला सबै राजनीतिक दल एकापसमा मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । सांसद प्रभु शाहले किसानका लागि मलखाद, सिँचाइ र बिजुलीको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । सांसद अमनलाल मोदीले शिक्षा विधेयक कहाँ हरायो ? भन्दै प्रश्न गर्नुभयो । सांसद नारायणी शर्माले गए राति भेरी करिडोरमा काम गर्दै आएको टिपर पश्चिमको आठबिसकोट नगरपालिका-१४ पिलिलचौरमा दुर्घटना भएको घटना सुनाउँदै सो दुर्घटनामा परी बेपत्ता भएका तीन जनाको खोजी कार्यलाई तीव्रता दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२,
९८५४०२५१६४

# गणतन्त्रका उपलब्धि रक्षाका लागि माओवादी सदैव सकारात्मक छः अध्यक्ष दाहाल

दैनिक समाचारदाता

काठमाडौं, ७ साउन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गणतन्त्रका उपलब्धि रक्षाका लागि माओवादी सदैव सकारात्मक र सक्रिय रहेको बताउनुभएको छ । आज यहाँ आयोजित 'गणतन्त्र अगाडि र पछाडिको नेपाल' शीर्षक पुस्तकको लोकार्पण समारोहमा उहाँले गणतन्त्र संरक्षणको सबैभन्दा गहिरो चिन्ता आफूहरूलाई पनि रहेको स्पष्ट पार्नुभयो । माओवादी आन्दोलनको योगदानबाट महिला, दलित, आदिवासी तथा जनजाति समुदायले पाएका अधिकारहरू आज संस्थागत भएका उल्लेख गर्दै उहाँले ती अधिकार कसैले उल्ट्याउन नसक्ने विश्वास व्यक्त गर्नुभयो ।



अध्यक्ष दाहालले लामो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त भएको गणतन्त्रमाथि अहिले विभिन्न किसिमका प्रश्न उठ्न थालेपछि त्यसको संरक्षण र सुदृढीकरणप्रति गम्भीर चासो र सरोकार रहेको धारणा राख्नुभयो ।

उहाँले पछिल्ला दिनमा गहिरो अध्ययन, चिन्तन, वैचारिक सिद्धान्त र त्यागमा आधारित आन्दोलन तथा नेताहरूलाई हल्का रूपमा व्याख्या गर्दै आलोचना गर्ने प्रवृत्ति बढिरहेको भन्दै दुःख प्रकट गर्नुभयो । "आजभोलि सुसंस्कार, दर्शन र युगान्तकारी परिवर्तन ल्याउने नेताहरूलाई गाली गर्ने चलन चलेको देखिन्छ", उहाँले भन्नुभयो ।

कुनै वैचारिक धरातल वा ऐतिहासिक योगदान नरहेका व्यक्तिबाट जनतालाई भ्रममा पार्ने प्रयास भइरहेकोप्रति चिन्ता व्यक्त गर्दै अध्यक्ष दाहालले त्यसले मुलुकलाई गलत दिशातर्फ डोऱ्याउन सक्ने खतरा औंल्याउनुभयो । उहाँले भन्नुभयो, "देशमा निराशावादको व्यापार, असन्तुष्टिको बजार र देश छोड्ने पलायन हुने प्रवृत्तिहरू हाबी हुँदै गइरहेका छन् । यस्ता प्रवृत्तिविरुद्ध प्रतिवाद गर्न तथा जनतालाई सही इतिहास बुझाउन पुस्तकहरू सशक्त माध्यम हुन सक्छन् ।"

कार्यक्रमको समापनमा अध्यक्ष दाहालले गहन र विश्लेषणात्मक कृतिहरूले मुलुकको राजनीतिक, सामाजिक र वैचारिक मार्गदर्शनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो ।

# वन क्षेत्रको जमिन अनधिकृत रूपमा खरिद-बिक्री, ३० हेक्टर अतिक्रमणमा

दैनिक समाचारदाता

जनकपुरधाम, ७ साउन । धनुषाको गणेशमान चारनाथ नगरपालिका-६, रक्ताही कमलास्थित वन क्षेत्रभित्रको जग्गा अनधिकृत रूपमा किनबेच भइरहेको खुलासा भएको छ । स्थानीय र भूमाफियाको मिलेमतोमा कपाली तमसुक बनाएर वनको जग्गा खरिद-बिक्री हुने गरेको खुलासा भएको हो ।

स्थानीय केवलकिशोर यादवले सो वन क्षेत्रभित्रको नौ कठ्ठा जमिन धनुषाधाम नगरपालिका-९, यज्ञभूमिका साने खत्रीलाई बिक्री गरेको भेटिएछि यस्तो तथ्य खुलेको सब डिभिजन वन कार्यालय गोदारका वन अधिकृत भगलु मण्डलले बताउनुभयो । यादवले सो जमिन आफ्नो हकभोगमा रहेको भन्दै नौ कठ्ठा जमिन दुई लाख ८८ हजार रुपियाँमा खत्रीलाई बिक्री गरेको प्रमाण भेटिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार वन क्षेत्रभित्रको जमिन खरिद बिक्री गैरकानुनी हो ।



स्थानीय अनुसार २०५० सालतिर कमला नदीमा आएको ठूलो बाढीले ल्याएको गिट्टी, बालुवाले यो वन क्षेत्र पुरेको थियो । त्यसको केही वर्षपछि केही स्थानीयले यो जग्गा खनजोत गरी अन्नबाली लगाउन थाले ।

यही खनजोतलाई आधार बनाएर केही व्यक्तिले जग्गा आफ्नो भएको दाबी गर्न थालेका छन् । यसैको आडमा गाउँका धनीमानी व्यक्ति र बाहिरका मानिसले समेत यस क्षेत्रमा जग्गा कब्जा गरेका छन् । यस ठाउँमा यसरी नै कपाली तमसुक बनाएर जमिन खरिद बिक्री हुने गरेको स्थानीयको भनाइ छ ।

वन क्षेत्रभित्रको जग्गाको अनधिकृत किनबेच बढेपछि सब डिभिजन वन कार्यालय गोदारले यसलाई नियन्त्रण गर्ने पहल सुरु गरेको छ । वन अधिकृत मण्डलले अतिक्रमित वनको जग्गा खाली गराउने बताउनुभयो । उहाँले करिब ३० हेक्टरभन्दा बढी जग्गा अतिक्रमणमा परेको जानकारी दिँद ती जग्गालाई अतिक्रमणमुक्त गराएर तारजाली लगाउने र वृक्षरोपण गर्ने योजना रहेको जानकारी दिनुभयो ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजन प्रमुख विनोद सिंहले सार्वजनिक वन क्षेत्रभित्र पर्ने भूभागमा स्वामित्व दाबी गर्न वा खरिद-बिक्री गर्नु गैरकानुनी भएको बताउनुभयो ।

उहाँले यस विषयमा छानबिनको प्रक्रिया अगाडि बढाइएको बताउँदै केही प्रमाणहरु संकलन गरिएको जानकारी दिनुभयो । उहाँले वन क्षेत्रको जग्गा यसरी अनधिकृत किनबेच र कब्जाले प्राकृति स्रोतमाथि असर पर्ने बताउँदै वन विनासको असर मधेश प्रदेशमा प्रत्यक्ष रुपमा देखिएको बताउनुभयो ।

# मलङ्गवा अस्पतालको आकस्मिकबाहेकका सेवा बन्द

दैनिक समाचारदाता

सर्लाही, ७ साउन । सर्लाही सदरमुकाम मलङ्गवास्थित प्रादेशिक अस्पतालका चिकित्सकमाथि हातपात भएको छ । चिकित्सकमाथि हातपात भएको विषयलाई लिएर मङ्गलबारदेखि नै अस्पतालमा ओपिडी सेवा बन्द गरिएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सञ्जीव सिंहले दोषीमाथि कानुनी कारवाहीको माग गर्दै अस्पतालको आकस्मिकबाहेकका सम्पूर्ण सेवा बन्द गरिएको जानकारी दिनुभयो ।


अस्पतालमा हड्डी भाँचिएर उपचारमा लागि आएका मलङ्गवाकै एक जना बिरामीलाई अन्यत्र रेफर गर्ने विषयलाई लिएर सोमबार राति बिरामीका आफन्तले अस्पतालमा कार्यरत अर्थोपेडिक डा. कृष्णजङ्ग साहमाथि हातपात गरेका थिए । डा. साहमाथि हातपात गर्नेलाई तत्काल पक्राउ गरी कारवाही गर्न माग गर्दै अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीले दुई दिनदेखि आकस्मिकबाहेकका सेवा ठप्प पारेका हुन् ।



नेपाल चिकित्सक सङ्घले प्रेस विज्ञप्ति जारी गरी चिकित्सकमाथि हातपात गर्ने व्यक्तिलाई तत्काल पक्राउ गरी कारवाही गर्न माग गरेको छ । मलङ्गवा अस्पतालको ओपिडी सेवा ठप्प हुँदा अस्पतालमा उपचारका लागि आएका बिरामी मारमा परेका छन् ।




अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४